# गोप्यता तथा गोपनीयता नीति

## तपाईंको गोपनीयता महत्त्वपूर्ण हुन्छ

यौन दुर्व्यवहार सहायता सेवा (SASS) मा हामी तपाईंको गोप्यता तथा गोपनीयताको रक्षा गर्न प्रतिबद्ध छौँ।

हामी सुरक्षित, उच्च-गुणस्तरको सेवा प्रदान गर्न र हाम्रा कानुनी र व्यावसायिक जिम्मेवारीहरू पूरा गर्न तपाईंको व्यक्तिगत जानकारी सङ्कलन, प्रयोग र भण्डारण गर्छौं।

हामी निम्न कुराहरू स्पष्ट पार्नेछौं:

- ✓ हामीले कस्तो जानकारी सङ्कलन गर्छौं
- ✓ किन सङ्कलन गर्छौं
- ✓ कसरी प्रयोग गरिनेछ
- ✓ हामीले तपाईंको जानकारी कसरी सुरक्षित गर्छौं
- ✓ जानकारी साझा गर्न कतिबेला आवश्यक पर्दछ

हामी तपाईं सूचित, सम्मानित र आफ्नो व्यक्तिगत जानकारी सुरक्षित रूपमा रहेको कुरामा विश्वस्त हुनुहोस् भन्न चाहन्छौँ।

## हामीले तपाईंको जानकारी कसरी सुरक्षित गर्छौं

हामीले निम्न कार्य गर्नेछौं:

- ✓ हाम्रा सेवाहरू उपलब्ध गराउन आवश्यक पर्ने जानकारी मात्र सङ्कलन गर्छौं
- ✓ तपाईंको जानकारी सुरक्षित राख्न र अनधिकृत पहुँच, हानि वा दुरुपयोगबाट सुरक्षित राख्न कदम चल्नेछौँ
- ✓ सेवा उपलब्ध गराउन वा कानुनी तथा व्यावसायिक जिम्मेवारीहरू पूरा गर्न आवश्यक पर्दा मात्र अधिकृत कर्मचारीहरूलाई तपाईंको जानकारी प्रयोग गर्ने अनुमति दिनेछौँ
- ✓ तपाईंको जानकारी सही र अद्यावधिक छ भनी सुनिश्चित गर्न उचित कदम चल्नेछौँ
- ✓ तपाईंको जानकारीसँग सम्बन्धित गोपनीयता बारे कुनै चिन्ताका विषय भएमा वा घटना घटेमा तुरुन्तै प्रतिक्रिया जनाउने छौँ।

## जानकारी साझेदारी

हामी तपाईंको गोपनीयताको सम्मान गर्छौं र निम्न अवस्थामा मात्र तपाईंको जानकारी साझा गर्नेछौं:

- ✓ तपाईंले आफ्नो मञ्जुरनामा जनाएको खण्डमा
- ✓ हामीलाई कानूनी रुपमा आवश्यक परेको वा कानूनद्वारा स्वीकृति दिएको खण्डमा
- ✓ तपाईंको वा अरू कसैको सुरक्षाको रक्षा गर्न मद्दत आवश्यक परेको खण्डमा

✓ अदालत वा अन्य कानुनी निकायलाई हामीले जानकारी उपलब्ध गराउन आवश्यक परेको खण्डमा

उपयुक्त र सम्भव भएमा, हामीले साझा गर्रिंदै गरेको जानकारी र त्यसको कारण स्पष्ट पार्नेछौँ।

## तपाईंको रोजाइ

तपाईंको व्यक्तिगत जानकारी बारे रोजाइ लिने अधिकार तपाईंलाई छ भन्ने कुरा हामी स्वीकार गर्छौं।

तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:

✓ तपाईंको जानकारी कसरी सङ्कलन, प्रयोग वा साझा गरिन्छ भन्ने बारे प्रश्नहरू सोध्नुहोस्
✓ केही प्रश्नहरूको जवाफ नदिन पनि पाउनुहुन्छ
✓ तपाईंलाई साझा गर्न सहज लाग्ने जानकारी मात्र प्रदान गर्नुहोस्

यदि कुनै सीमित जानकारीले हाम्रो सहायता उपलब्ध गराउने वा हाम्रो कानुनी जिम्मेवारीहरू पूरा गर्ने क्षमतालाई असर गर्छ भने, हामी तपाईंसँग यसबारे छलफल गर्नेछौँ र सम्भव भएसम्म अन्य विकल्पहरू खोज्नेछौँ।

## तपाईंको जानकारीमा पहुँच लिँदा

तपाईंलाई निम्न अधिकार छ:

✓ हामीसँग तपाईंको बारेमा भएको जानकारी बारे सोध्ने
✓ आफ्नो व्यक्तिगत जानकारी हेर्न अनुरोध गर्ने
✓ जानकारी गलत वा अपूर्ण भएमा सच्याउन अनुरोध गर्ने

यदि तपाईं आफ्नो जानकारी हेर्न चाहनुहुन्छ भने, कृपया आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस् वा SASS टोलीलाई सम्पर्क गर्नुहोस्।

## गोपनीयता सम्बन्धी सरोकारहरू

यदि तपाईंलाई आफ्नो गोप्यता वा गोपनीयताको बारेमा चिन्ता छ भने, कृपया हामीलाई थाहा दिनुहोस्। तपाईंले जुनसुकै बेला प्रश्न सोध्न, चिन्ता व्यक्त गर्न वा गुनासो गर्न सक्नुहुन्छ। हामी सम्मानपूर्वक प्रतिक्रिया दिनेछौँ र तपाईंको चिन्तालाई सम्बोधन गर्न तपाईंसँग मिलेर काम गर्नेछौँ।

## बालबालिका तथा किशोरकिशोरीहरू

बालबालिका र किशोरकिशोरीहरूसँग काम गर्दा, हामी उनीहरूको गोपनीयतालाई ध्यानपूर्वक विचार गर्छौं र उनीहरूलाई सुरक्षित राख्न मद्दत गर्ने हाम्रो कानुनी जिम्मेवारीहरू पनि पूरा गर्छौं।

## पहुँचयोग्य र समावेशी सहायता

सबैजनाले फरक फरक तरिकाले जानकारी आदानप्रदान गर्छन् र बुझ्छन् भन्ने कुरा हामी बुझ्छौँ।

हामी तपाईंको आवश्यकताहरू पूरा गर्ने तरिकाले जानकारी उपलब्ध गराउन तपाईंसँग मिलेर काम गर्नेछौं। यसमा निम्न समावेश हुन सक्छन्:

- ✓ सरल भाषाको प्रयोग
- ✓ अनुवाद गरिएको जानकारी
- ✓ दोभाषेको व्यवस्था
- ✓ सम्भव भएसम्म अन्य संवाद सहायताहरु

हामी स्वागतयोग्य, समावेशी र सांस्कृतिक रूपमा सुरक्षित सेवा प्रदान गर्न प्रतिबद्ध छौँ।

## हाम्रो प्रतिबद्धता

हामी तपाईंको गोपनीयताको रक्षा गर्न, तपाईंको गोपनीयताको सम्मान गर्न र तपाईंको व्यक्तिगत जानकारीको सुरक्षा, मर्यादा र विश्वासलाई प्रवर्द्धन गर्ने तरिकाले जानकारी प्रयोग गर्नेछौँ।